जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

एक कदम अगाडि

Jaleshwor Today National Daily

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २२३ • २०८३ जेठ २० गते बुधवार • 3 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# जनकपुरधामको जिरोमाइलस्थित थोक फलफूल तथा तरकारी बजार खाली गर्ने प्रक्रिया सुरु

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १९ जेठ**




पुनरावेदन अदालत जनकपुरको आदेशपछि जनकपुरधाम-७ जिरो माइलस्थित थोक फलफूल तथा तरकारी बजार खाली गर्ने प्रक्रिया सुरु भएको छ ।

अदालतको आदेशलाई सम्मान गर्दै व्यवसायीहरू स्वस्फूर्त रूपमा बजार छाड्ने तयारीमा जुटेका भए पनि वैकल्पिक व्यवस्थाको अभाव, पर्याप्त समय नदिइएको तथा डोजर प्रयोग गरेर संरचना भत्काउन खोजिएको भन्दै उनीहरूले असन्तुष्टि जनाएका छन् । जनकपुर फलफूल तथा तरकारी व्यवसायी संघले मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै अदालतको आदेशको सम्मान गर्दै बजार खाली गर्ने प्रक्रियामा सहयोग गरिरहेको जनाएको छ । तर, व्यवसायीहरूको जीविकोपार्जन र व्यवसायको निरन्तरताको सुनिश्चितता नगरी गरिएको हस्तक्षेपले समस्या निम्त्याएको संघको भनाइ छ । संघका महासचिव भुवनेश्वर पूर्वेले अदालतको आदेशको विरोध नभई व्यवसायीहरूको सम्मानजनक व्यवस्थापनको माग गरिएको बताए । उनका अनुसार वर्षौंदेखि सञ्चालनमा रहेको थोक बजार हटाउनुअघि सम्बन्धित निकायहरूले व्यवसायीहरूका लागि वैकल्पिक स्थानको व्यवस्था गर्नुपर्ने थियो । 'हामी अदालतको आदेशलाई पूर्ण रूपमा सम्मान गर्छौं । तर, बजार खाली गरिसकेपछि व्यवसाय कहाँ सञ्चालन गर्ने भन्ने विषयमा कुनै स्पष्ट योजना छैन,'पूर्वेले भने, 'पटकपटक प्रमुख जिल्ला अधिकारी, स्थानीय तह, जनप्रतिनिधि तथा अन्य सरोकारवाला निकायसँग सुरक्षित निकास र वैकल्पिक व्यवस्थाको माग गर्दा पनि सुनुवाइ भएन । उल्टै पर्याप्त समय र औपचारिक जानकारी नदिई डोजर लगाएर संरचना भत्काउने प्रयास गरियो । यसले व्यवसायीहरूलाई आन्दोलनमा जान बाध्य बनाएको हो ।' उनले फलफूल तथा तरकारीको थोक व्यापार निजी व्यवसाय मात्र नभई कृषि उत्पादनको वितरण प्रणालीसँग प्रत्यक्ष रूपमा जोडिएको महत्वपूर्ण क्षेत्र भएको बताए । 'किसानले उत्पादन गरेको वस्तु उपभोक्तासम्म पुऱ्याउने मुख्य माध्यम यही बजार हो । यस्तो संरचनालाई विस्थापित गर्दा दीर्घकालीन व्यवस्थापनको योजना आवश्यक हुन्छ,'उनले भने । महासचिव पूर्वेका अनुसार जिरोमाइलस्थित बजारसँग प्रत्यक्ष रूपमा करिब २५० जना व्यवसायी, मजदुर तथा कर्मचारी आबद्ध छन् भने अप्रत्यक्ष रूपमा हजारौं परिवारको रोजीरोटी यसैसँग जोडिएको छ ।

'वार्षिक रूपमा करोडौं रुपैयाँको कारोबार हुने यो क्षेत्रले सरकारलाई ठूलो राजस्वसमेत प्रदान गर्दै आएको छ । त्यसैले व्यवसायीलाई समस्यामा पारेर नभई समाधान खोजेर अगाडि बढ्नुपर्छ,'उनले बताए । यता, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले पनि व्यवसायीहरूको मागप्रति ऐक्यबद्धता जनाउँदै बजार व्यवस्थापनको दीर्घकालीन समाधान आवश्यक रहेको बताए । अध्यक्ष भण्डारीले अदालतको आदेश कार्यान्वयन हुनुपर्ने भए पनि त्यसको कार्यान्वयनका क्रममा मानवीय पक्षलाई बेवास्ता गर्न नहुने बताए । 'कानुनी शासनको सम्मान सबैले गर्नुपर्छ । अदालतको आदेश पालना हुनु आवश्यक छ ।

तर, त्यसको नाममा वर्षौंदेखि व्यवसाय गर्दै आएका व्यवसायीलाई वैकल्पिक व्यवस्था बिना सडकमा ल्याउनु उपयुक्त हुँदैन,'उनले भने । उनका अनुसार जनकपुरधामजस्तो तीव्र रूपमा विस्तार भइरहेको शहरमा कृषि उपजका लागि व्यवस्थित थोक बजारको आवश्यकता झनै बढ्दै गएको छ । 'सरकार, स्थानीय तह र सम्बन्धित निकायले व्यवसायीहरूसँग समन्वय गरेर नयाँ स्थानको व्यवस्था गर्नुपर्छ । बजार व्यवस्थापनको विषयलाई खाली गराउने दृष्टिकोणबाट नभई आर्थिक गतिविधिको संरक्षण गर्ने दृष्टिकोणबाट हेर्न आवश्यक छ,'भण्डारीले बताए ।




# न्यायको माग गर्दै धनुषा जिल्ला अदालत अगाडि धर्ना तथा घेराउ

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १९ जेठ**



मिटरब्याजबाट पीडित बनेका नागरिकहरूले न्यायको माग गर्दै मंगलबार धनुषा जिल्ला अदालत अगाडि धर्ना तथा घेराउ गरेका छन् । मिटरब्याज पीडित संघर्ष समितिको नेतृत्वमा आयोजित विरोध कार्यक्रममा विभिन्न स्थानबाट आएका पीडितहरूको सहभागिता रहेको थियो ।


संघर्ष समितिका केन्द्रीय अध्यक्ष अवधेश कुशवाहाको अगुवाइमा भएको प्रदर्शनमा सहभागीहरूले आफूहरू लामो समयदेखि न्यायको खोजीमा रहे पनि राज्यका निकायबाट समस्या समाधानका लागि प्रभावकारी पहल हुन नसकेको गुनासो गरे । उनीहरूले अदालत परिसर अगाडि शान्तिपूर्ण रूपमा धर्ना दिँदै मिटरब्याज पीडितका मुद्दामा निष्पक्ष सुनुवाइ र न्याय सुनिश्चित गर्न माग गरेका हुन् ।

प्रदर्शनलाई सम्बोधन गर्दै अध्यक्ष कुशवाहाले वर्तमान सरकार सत्तामा पुग्नुअघि मिटरब्याज पीडितका समस्या समाधान गर्ने प्रतिबद्धता जनाए पनि व्यवहारमा त्यसको अनुभूति हुन नसकेको आरोप लगाए । बरु पीडितमाथि उजुरी, दबाब र विभिन्न प्रकारका प्रताडना बढ्दै गएको उनको भनाइ थियो । मिटरब्याज पीडितहरूले विभिन्न सरकार र गृहमन्त्री परिवर्तन भए पनि आफ्नो समस्या जस्ताको तस्तै रहेको बताए । केही दिनअघि पनि उनीहरूले जिल्ला प्रशासन कार्यालय धनुषा अगाडि धर्ना कार्यक्रम आयोजना गरी समस्या समाधानको माग गरेका थिए ।

पीडितहरूले अदालत तथा सम्बन्धित निकायहरूबाट पीडितभन्दा साहु पक्षलाई बढी संरक्षण मिल्ने गरेको आरोप लगाएका छन् । निष्पक्ष न्याय नपाएको भन्दै उनीहरूले आन्दोलनलाई थप सशक्त बनाउने चेतावनीसमेत दिएका छन् ।



समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रकाशनको मुख
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

# समृद्ध राष्ट्र निर्माण जरुरी

सानो भूगोल र थोरै जनसंख्याका कारण साना देशहरूको विकास छिटो हुने गरेको देखिन्छ । नेपालभन्दा साना हङकङ, सिंगापुर, दक्षिण कोरिया, स्विटजरल्यान्ड, कतार, लक्जेमबर्ग, कुवेतजस्ता देश आज पनि प्रति व्यक्ति आय तथा ग्रस ह्यापिनेस इन्डेक्सका हिसाबले विश्वभर अगाडि रहेको देखिन्छ । साँच्चै दृढ संकल्पले काम गरे हामी पनि छिट्टै त्यो हैसियत बनाउन सक्छौं भने आशा छ र कुनै पनि हालतमा बन्नु पनि पर्छ । यस पटक समेत असफल भएमा त्यसले नेतृत्व मात्र नभएर व्यवस्था प्रतिको असफलता पनि इंगित गर्न सक्ने देखिन्छ। गणतन्त्र पनि खासै कामयावी र नागरिक मैत्री नभएको बुझाइ निर्माण हुने देखिन्छ ।

युवा र नयाँ पुस्तामाथिको विश्वास पनि समाप्त गर्छ । अरूले केही गर्न सकेन भनेर विराट कटाक्षेप गर्दै उदाएका नयाँ दल पनि उही ड्याङको मूला भएको प्रमाणित हुने देखिन्छ । स्थापित दलभित्र युवाले अवसर नपाएको भन्नेहरूको तर्क समेत हावादारी बन्न पुग्ने देखिन्छ । समृद्ध राष्ट्र निर्माण असहज छ, अप्ठ्यारो छ तर असम्भव रहेको छैन, असम्भव बन्न पनि दिनु हुँदैन । सरकारका लागि मात्र होइन, व्यवस्था, बहुमत र पुस्ताका लागि पनि यो अवसर परीक्षाको उत्कर्षमा रहेको देखिन्छ।

# तरकारी खेतीमा लागेका महोत्तरीका किसान अहिले प्रेरक व्यक्तिको उदाहरण

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १९ जेठ



साहुले ऋण नपत्याउँदा विदेश जान नपाएर तरकारी खेतीमा लागेका महोत्तरीका किसान अहिले प्रेरक व्यक्तिको उदाहरणका रूपमा उभ्याइने गरिन्छ । 'गरे के हुँदैन ?' भन्ने आहान महोत्तरीको भङ्गाहा-४, रामनगरका किसान सत्यदेव महतोले सङ्कल्प र लगनले चरितार्थ गरेको छ। झन्डै १६/१७ वर्षअघि तरकारी खेतीमा जोडिनुभएका महतोलाई अहिले न फुर्सद छ, न पछाडि फर्कनुपरेको छ। केही गर्ने हुटहुटी, सङ्कल्प र लगनले नै उहाँलाई यो सफलता प्राप्त भएको हो ।

करिब एक बिघा (२० कट्ठा) जग्गामध्ये १५ कट्ठामा तरकारी खेती गर्नुभएका महतोको बारीमा परवल लहलहाएको छ । खुर्सानीका बोट फूल र चिचिलाले झपक्क छन् । त्यसैगरी काँक्रा, बोडी, घिरौला, झिगुनी, लौका र फर्सीका लहरामा आँख्लैपिच्छे फल लागेका छन्। सबैभन्दा रहरलाग्दो त उहाँको करेला खेती छ। महतोले बर्सेनि पाँच, छ कट्ठामा करेला खेती गर्दै आउनुभएको छ। मुख्य सडक छेउकै बारीमा रहेको उहाँको बारीको मचानमा परैबाट लटरम्म देखिने करेला हेर्न बटुवा पुग्छन् ।

तरकारी खेतीमा जम्नुभएका महतोको विशेष पहिचान भने करेलाले नै बनाएको छ। वर्षभरिमा फरकफरक मौसम (सिजन)मा गरेर पाँच/छ कट्ठा करेला खेती गर्दै आउनुभएका उहाँको करेला खेती सडकबाटै देखिने हुँदा बटुवाका लागि यो प्रदर्शनीजस्तै बनेको बर्दिबास-२, बारनचौडीका उमेश आचार्य बताउनुहुन्छ । "करेला खेती त अन्त पनि भएकै छ, तर सतो (सत्यदेवको बोलाउने नाउँ)को खेती हेरेपछि मन दङ्ग हुन्छ", महतोको करेला बारी पुग्नुभएका आचार्य भन्नुहुन्छ । भङ्गाहा र वरपर छरछिमेकका बस्तीमा तरकारी खेतीको कुरा चल्यो कि त्यहाँ सत्यदेवको कुरा उप्किहाल्छ । महतोले मौसम अनुसारको बोडी, खुर्सानी, काँक्रा, परबल, झिगुनी, लौका, फर्सी, घिरौला र ओलसहितका तरकारी लगाउनु भए पनि उहाँलाई चिन्नेले करेलाकै नामबाट उभ्याउँछन् ।

दाजुभाइबिच अंशवण्डा भएपछि कमाउन कतार जाने सोचले राहदानी बनाउनुभएका महतो कतै ऋण नपाएपछि विलखबन्द पर्नुभएको थियो । अब बाँच्न तरकारी खेतीमा लाग्छु भनेर काम थाल्नुभएका उहाँले त्यसयता कहिल्यै पछाडि फर्कनुपरेको छैन । "आफूसँग भएको करिब एक बिघाजति जग्गामध्ये १५ कट्ठामा तरकारी खेती गर्छु", महतो भन्नुहुन्छ, "यसले मलाई सधैँ काममा अघि बढ्न हौसला दिएको छ ।" तरकारीखेती थालेपछि दुईचार पैसाका लागि कसैसँग हात थाप्नु नपरेको र उल्टै छरछिमेकको आपत् विपद्मा सरसहयोग गर्न पाउँदा सन्तोष मिल्ने गरेको उहाँ बताउनुहुन्छ । पाँच कट्ठाको अन्नबाली (धान, गहुँ)ले खाने अन्न र १५ कट्ठा तरकारीखेतीले बर्सेनि १०-१२ लाख नगदको जोहो भएपछि त्यतिखेर विदेश जान ऋण नपाएर ठिकै भएछ भन्ने लाग्ने गरेको उहाँले बताउनुभयो। "मेरो करेला खेतीले मान्छेको मन तानेको छ, मलाई नाउँ नजान्नेले त 'करेलावाला' नै भन्ने गरेका छन्", उहाँ भन्नुहुन्छ, "यसले कमाइ पनि राम्रै दिएको छ । अरूभन्दा करेलामा बढी रेखदेख र स्याहार पुऱ्याउन पर्ने हुँदा सबैले यो खेती गर्दैनन्", उहाँ भन्नुहुन्छ, "मैलेचाहिँ बर्सेनि गर्दै आएको छु।" लागत र रेखदेख बढी गर्न परे पनि अन्य तरकारीको तुलनामा करेलाको भाउ सधैँ उच्च हुँदा कहिल्यै हरेस खान नपरेको उहाँको अनुभव छ। बाह्रैमास उत्पादन लिन सकिने करेला राम्रो जातको पर्दा रोपेको ५० दिनमै उत्पादन दिन थाल्ने महतोले बताउनुभयो ।

# (रास्वपा) को अधिवेशन तथा निर्वाचनका सम्पूर्ण आगामी प्रक्रिया तत्कालका लागि स्थगन

जलेश्वरटुडे समाचारदाता
धनुषा, १९ जेठ



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को केन्द्रीय निर्वाचन आयोगले विभिन्न स्थानबाट निर्वाचनसम्बन्धी विवाद र उजुरी प्राप्त भएपछि मधेश प्रदेशका पाँच जिल्लासहित बागमती प्रदेशका केही क्षेत्रमा जारी अधिवेशन तथा निर्वाचनका सम्पूर्ण आगामी प्रक्रिया तत्कालका लागि स्थगन गरेको छ ।

केन्द्रीय निर्वाचन आयोगका प्रमुख भुवन केसीको अध्यक्षतामा बसेको आयोगको बैठकले विवादित क्षेत्रहरूमा भइरहेको वडा, पालिका तथा जिल्ला अधिवेशनसम्बन्धी प्रक्रिया अर्को निर्णय नभएसम्म रोक्ने निर्णय गरेको हो। आयोगद्वारा जारी निर्देशनअनुसार जेठ १७ गतेसम्म सम्पन्न भइसकेका प्रक्रिया बाहेकका सम्पूर्ण निर्वाचन गतिविधि स्थगित गरिएको छ । आयोगले सम्बन्धित क्षेत्रबाट प्राप्त उजुरीमाथि छानबिन तथा अन्तिम निर्णय हुन बाँकी रहेकाले निर्वाचन प्रक्रिया रोक्नुपरेको जनाएको छ।

मधेश प्रदेशअन्तर्गत सप्तरी र सिरहा जिल्लाका विवादित स्थानीय तह तथा वडाहरूमा अधिवेशन प्रक्रिया रोकिएको छ। त्यस्तै, महोत्तरीमा जलेश्वर नगरपालिका, एकडारा गाउँपालिका, मटिहानी नगरपालिका, मनरा शिस्वा नगरपालिका र पिपरा गाउँपालिका सहित अन्य विवादित क्षेत्र तथा धनुषामा जनकपुर उपमहानगरपालिका, जनकनन्दिनी गाउँपालिका र गणेशमान चारनाथ नगरपालिका सहितका विवादित क्षेत्रहरूमा पनि निर्वाचन प्रक्रिया स्थगित गरिएको छ । सर्लाहीको हरिपूर्वा नगरपालिकामा समेत यही निर्णय लागू हुने आयोगले जनाएको छ। बागमती प्रदेशअन्तर्गत सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका तथा अन्य विवादित स्थानीय तह र वडाहरूमा पनि अधिवेशन प्रक्रिया रोकिएको छ ।

आयोगले अर्को आधिकारिक निर्णय वा निर्देशन जारी नभएसम्म कुनै पनि निर्वाचनसम्बन्धी प्रक्रिया अगाडि नबढाउन प्रदेश, जिल्ला तथा स्थानीय तहका पार्टी संरचनालाई निर्देशन दिएको छ । निर्देशनको अवज्ञा गर्दै सञ्चालन गरिएका कुनै पनि गतिविधिलाई आधिकारिक मान्यता नदिइने आयोगले चेतावनी दिएको छ ।

## तपाईको टुडे

मेषः अशुभ समाचार प्राप्त हुने
वृषः शुभ कार्यको शुरुवात
मिथूनः पिछ्डेको साथी मिल्न
कर्कटः खानपानमा समस्या आउने
सिंहः अनावश्यक चिन्ता
कन्याः विचार गरेर बोल्नुहोला
तुलाः अनावश्यक खर्चको संभावना
वृश्चिकः मनमा पछुतो आउने
धनुः मित्रतामा फाटो आउने
मकरः पढाईमा ध्यान दिनुपर्ने
कूम्भः लामो यात्राको योग छ
मीनः आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इजरायली आक्रमणको राष्ट्र सङ्घले गर्‍यो निन्दा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ जेठ



संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार कार्यालयले गाजा पट्टीमा भइरहेको इजरायली कब्जा र सैन्य आक्रमणको कडा निन्दा गर्दै त्यहाँ अन्तर्राष्ट्रिय मानवीय कानुनको निरन्तर उल्लङ्घन भइरहेको जनाएको छ ।

कार्यालयले लामो समयदेखि जारी यस द्वन्द्वका कारण विशेष गरी बालबालिकाको मानवीय अवस्था एकदमै नाजुक र बिग्रँदै गएको भन्दै गम्भीर चेतावनी दिएको छ । लामो समयदेखिको कठोर नाकाबन्दीका कारण गाजाका सर्वसाधारण नागरिकहरू सुरक्षित आश्रयस्थल, आवश्यक औषधि, र पर्याप्त खाद्यान्न आपूर्ति जस्ता न्यूनतम आधारभूत आवश्यकताहरूबाट समेत वञ्चित हुनुपरेको राष्ट्र सङ्घले जनाएको छ ।

जारी सैन्य अपरेसनका क्रममा अन्तर्राष्ट्रिय कानुनका स्थापित नियमहरूको व्यापक उल्लङ्घन भइरहेको कुरा संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार कार्यालयले विज्ञप्ति मार्फत सार्वजनिक गरेको हो। इजरायली सेनाको अपरेसन र पश्चिमतर्फ भइरहेको सैन्य विस्तारको निरन्तरताका कारण गाजाको अधिकांश जनसङ्ख्या बारम्बार विस्थापनको पीडादायी समस्यासँग जुध्न बाध्य भइरहेका छन् । पछिल्लो समयमा इजरायली पक्षबाट निरन्तर जारी गरिएका नयाँ विस्थापन आदेशहरूले गाजावासीलाई आफ्नो अस्थायी आश्रयस्थल समेत छोड्न बाध्य पारेका छन् ।

यी आदेश र सैन्य दबाबले गर्दा पीडित परिवारहरू थप विस्थापनको चपेटामा पर्दै झन-झन् सीमित एवं असुरक्षित क्षेत्रहरूमा धकेलिन विवश भएका छन्। अधिकृत प्यालेस्टिनी क्षेत्रका लागि संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारका प्रमुख अजित सुङ्घेले यस विषयमा गम्भीर चिन्ता व्यक्त गरेका छन् । दीर्घकालीन विस्थापनको समस्यामा बाँचिरहेका गाजाका नागरिकहरू विरुद्ध निरन्तर भइरहेका सैन्य आक्रमण तथा त्यहाँका स्वास्थ्य, शिक्षा, खाद्य उत्पादन र नागरिक पूर्वाधारहरूको व्यापक विनाशका कारण गाजामा युद्ध अपराध ( वार क्राइम्स) भइरहेको भन्दै चिन्ता र संशय निकै बढेको प्रमुख सुङ्घेले बताएका छन् ।

# राष्ट्रपति रनिङ शिल्डका लागि मधेश टोलीलाई शुभकामना, जितको लक्ष्यसहित विदाई

दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, १९ जेठ



१६औं केन्द्रीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८३ मा मधेश प्रदेशको प्रतिनिधित्व गर्दै सहभागी हुन जाने खेलाडी, प्रशिक्षक, व्यवस्थापक तथा टोली नेतृत्वलाई मधेश खेलकूद परिषदले भव्य रूपमा विदाई तथा शुभकामना प्रदान गरेको छ।"खेली मधेश, जिती मधेश" भन्ने नारासहित परिषदद्वारा सञ्चालित बन्द प्रशिक्षण कार्यक्रममार्फत तयार गरिएको प्रदेश स्तरीय टोलीको सम्मानमा आयोजित उक्त विदाई तथा शुभकामना कार्यक्रम मधेश खेलकूद परिषदका सदस्य सचिव शिवजी प्रसाद कानू को अध्यक्षतामा सम्पन्न भएको हो। कार्यक्रमका प्रमुख अतिथि खेलकूद तथा समाज कल्याण मन्त्रालयका नवनियुक्त मन्त्री लखन दासले खेलाडीहरूलाई अनुशासन,आत्मविश्वास र उच्च खेलभावनासहित प्रतियोगितामा सहभागी भइ मधेश प्रदेशको गौरवलाई अझ उँचो बनाउन आग्रह गर्नुभयो। उहाँले खेलकूद क्षेत्रको विकास र खेलाडीहरूको हितका लागि मन्त्रालय पूर्ण रूपमा प्रतिबद्ध रहेको पनि स्पष्ट पार्नुभयो।विशिष्ट अतिथि मन्त्रालयका सचिव सुशील साह ले खेलकूदले प्रदेशको पहिचान र प्रतिष्ठा स्थापित गर्ने महत्वपूर्ण माध्यम भएको उल्लेख गर्दै सम्पूर्ण खेलाडीलाई सफलताको शुभकामना दिनुभयो।कार्यक्रममा मधेश खेलकूद परिषदका बोर्ड सदस्यहरू लव अधिकारी र दीपेन्द्र गोइत, साथै प्रशासन प्रमुख मोहमद ज्याउल इस्लाम को उपस्थिति रहेको थियो।मधेश खेलकूद परिषदका तालिम तथा प्रशिक्षण विभाग प्रमुख भरत यादव द्वारा सञ्चालन गरिएको कार्यक्रममा सहभागी खेलाडी, प्रशिक्षक, व्यवस्थापक, उपनेता तथा टोली नेताहरूलाई सफल प्रदर्शनका लागि शुभकामना दिँदै औपचारिक रूपमा विदाई गरिएको हो।यस वर्ष मधेश प्रदेशबाट कुल ६ विधामा ९८ खेलाडी, ६ व्यवस्थापक, ९ प्रशिक्षक, १ टोली नेता र १ उप-नेता सहितको सशक्त टोली प्रतियोगितामा सहभागी हुँदैछ ।

१६औं केन्द्रीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यही जेठ २० गते काठमाडौंस्थित दशरथ रंगशालामा औपचारिक रूपमा उद्घाटन हुने कार्यक्रम रहेको छ ।

## विद्यालय शिक्षाको गुणस्तर सुधार्न जनकपुरधाममा ६ दिने टार्ल शिक्षक तालिम सम्पन्न

दिपक श्रेष्ठ पण्डीत
महोत्तरी, १९ जेठ

विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्ने उद्देश्यले जनकपुरधाममा ६ दिने टार्ल (टिचिङ एट द राइट लेभल) शिक्षक तालिम सम्पन्न भएको छ।

बिल्ड द बेसिक परियोजनाअन्तर्गत आयोजित उक्त तालिम आसमा नेपालको आयोजनामा, स्ट्रिट चाइल्डको प्राविधिक सहयोग तथा हेम्पेल फाउन्डेसनको आर्थिक सहयोगमा सञ्चालन गरिएको हो। जनकपुरधाम उपमहानगरपालिकाका १९ वटा सामुदायिक विद्यालयका ३२ जना शिक्षकको सहभागिता रहेको तालिम मसाला कटेजमा सम्पन्न भएको आयोजकले जनाएको छ।

तालिममा सहभागी शिक्षकहरुलाई विद्यार्थीको वास्तविक सिकाइ स्तर पहिचान गरी सोही आधारमा अध्यापन गर्ने विधि, कक्षाकोठा व्यवस्थापन, सिकाइ मूल्यांकन, आधारभूत सीप विकास तथा सिकाइ उपलब्धि अभिवृद्धिसम्बन्धी व्यावहारिक ज्ञान र सीप प्रदान गरिएको थियो।कार्यक्रममा टार्ल प्रशिक्षक अशोक चौधरी तथा मूल्यांकन तथा अनुगमन अधिकृत मुकेश रजकले सहजीकरण गरेका थिए। प्रशिक्षण अवधिभर शिक्षकहरुलाई आवश्यक शैक्षिक सामग्री तथा ब्याग समेत वितरण गरिएको आयोजकले जनाएको छ।



सहभागी शिक्षकहरुले तालिमबाट प्राप्त ज्ञान र सीपले कक्षाकोठामा विद्यार्थीको आवश्यकता अनुसार शिक्षण गर्न, सिकाइ कमजोरी पहिचान गर्न तथा प्रभावकारी अध्यापन पद्धति अवलम्बन गर्न महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्। आयोजकका अनुसार टार्ल विधिले विद्यार्थीको सिकाइ स्तरअनुसार शिक्षण प्रक्रिया सञ्चालन गरी आधारभूत भाषा तथा गणितीय सीप सुदृढ गर्न मद्दत पुऱ्याउने भएकाले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

शिक्षा क्षेत्रमा गुणस्तरीय सुधार ल्याउने लक्ष्यसहित सञ्चालन गरिएको उक्त तालिमले जनकपुरधामका सामुदायिक विद्यालयहरुमा सिकाइ उपलब्धि वृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

# बिरगञ्जमा हुने राष्ट्रिय पुरुष कबड्डी प्रतियोगिताका लागि मधेश प्रदेश टोली छनोट

ओपि साह
जनकपुरधाम, १९ जेठ



"खेली मधेश, जीती मधेश" नाराका साथ बिरगञ्जमा आयोजना हुन लागेको राष्ट्रिय पुरुष कबड्डी प्रतियोगिताका लागि मधेश प्रदेशको टोली छनोट गरिएको छ । मधेश खेलकुद परिषद् द्वारा जनकपुरधाम स्थित कभर्ड हलमा आयोजित छनोट कार्यक्रममा खेलाडीहरूमध्ये १२ जना मुख्य तथा ३ जना वैकल्पिक गरी कुल १५ जना खेलाडी छनोट गरिएको हो। कार्यक्रम मधेश खेलकुद परिषद्का सदस्य-सचिव शिवप्रसाद गुप्ताको अध्यक्षता तथा मधेश प्रदेशका पूर्व खेलकुद मन्त्री प्रमोद प्रसाद जयसवालको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो। कार्यक्रममा खेलकुद प्रमुख मोहम्मद जेयाहुल हक, प्रशिक्षण प्रमुख भरत यादव, प्रशिक्षकहरू तथा खेलकुद क्षेत्रका विभिन्न व्यक्तित्वहरूको सहभागिता रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि प्रमोद प्रसाद जयसवालले खेलकुदले प्रदेश र राष्ट्रको पहिचान स्थापित गर्ने भएकाले खेलाडीहरूले अनुशासन, लगनशीलता र आत्मविश्वासका साथ प्रतियोगितामा सहभागी हुनुपर्ने बताए। उनले मधेश प्रदेशमा खेलकुदको विकासका लागि आवश्यक पूर्वाधार र अवसर विस्तार हुँदै गएको उल्लेख गर्दै छनोट भएका खेलाडीहरूलाई प्रदेशको प्रतिष्ठा उँचो राख्न आग्रह गरे ।

# महोत्तरीमा बलात्कार घटनामा १० वर्षीय बालक दोषी ठहर

मो. इर्शाद
महोत्तरी, १९ जेठ

महोत्तरीमा १० वर्षीय बालकले बलात्कार गरेको ठहर भएको छ । उनले ७ वर्षीया एक बालिकालाई बलात्कार गरेको महोत्तरी जिल्ला अदालतले पुष्टि गरेको हो । उक्त घटनामा अभियुक्त बालकलाई ६ महिनाको जेल सजाय र ७ लाख रुपैयाँ जरिवानाको आदेश गरेको छ। २०८१ पुस ९ गते साँझ गाउँमा खेलिरहेकी ती बालिकालाई उक्त बालकले 'खेल्न जाऔँ' भन्दै गाउँ नजिकै रहेको परालको टालतर्फ लगेर बलात्कार गरेका थिए । घटनापछि स्थानीय महिलाले बालिकाको चिच्याहट सुनेपछि घटनाबारे थाहा पाएको र त्यसपछि बालक त्यहाँबाट भागेको विवरण अदालतको फैसलामा उल्लेख गरिएको छ। बालिका त्यसपछि अस्वस्थ अवस्थामा फेला परेकी थिइन् र परिवारले तत्काल उपचारका लागि अस्पताल पुऱ्याएको थियो। घटना लगतै पीडित बालिकाको परिवारले प्रहरीमा उजुरी दिएपछि अनुसन्धान सुरु भएको थियो । अनुसन्धानका क्रममा बालकले प्रहरीसमक्ष घटनामा आफ्नो संलग्नता रहेको स्वीकार गरे पनि अदालतमा बयान दिने क्रममा उनले आरोप अस्वीकार गर्दै आफूलाई झुट्टा मुद्दामा फसाइएको दाबी गरेका थिए। यद्यपि अदालतले अनुसन्धानकालीन बयान, पीडितको सुसंगत बयान, घटनास्थल मुचुल्का, चिकित्सकीय प्रतिवेदन र



परिस्थितिजन्य प्रमाणका आधारमा कसुर पुष्टि भएको निष्कर्ष निकालेको हो। अदालतले कैद सजाय र जरिवानाको आदेश गरे पनि घटनाको संवेदनशीलतालाई हेर्दै आरोपित बालक नाबालक रहेका कारण उनको कैद सजाय स्थगन गरी अभिभावकको जिम्मा लगाउने र पीडित बालिकालाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने रकम पीडित राहत कोषबाट भराउने फैसला गरेको छ।

# ४ लाख १५ हजार रुपियाँ धरौटीमा सिंह रिहा

जलेश्वरटुडे समाचारदाता
पर्सा, १९ जेठ



वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहलाई पर्सा जिल्ला अदालतले चार लाख १५ हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश दिएको छ ।

मङ्गलवार पर्साको ठोरीबाट प्रहरीले नियन्त्रणमा लिई अदालतमा पेस गरेपछि न्यायाधीश गायत्रीप्रसाद रेग्मीको इजलासले नगरप्रमुख सिंहलाई धरौटीमा रिहा गर्न आदेश दिएको हो । पर्सा जिल्ला अदालतका श्रेस्तेदार प्रभाकरकुमार मल्लिकका अनुसार नगरप्रमुख सिंहसँग लिखतसम्बन्धी कसुर मुद्दामा चार लाख रुपियाँ तथा झुट्टा विवरण पेस गरी नागरिकता बनाएको अभियोगमा १५ हजार रुपियाँ धरौटी माग गरिएको हो । नगरप्रमुख सिंहका तर्फबाट वरिष्ठ अधिवक्ता रामेश्वर सेढाई, अधिवक्ता कमलमोहन पोखरेल र प्रमोद साहले बहस गर्नुभएको थियो भने जाहेरवालाका तर्फबाट अधिवक्ता चन्द्रिका पटेल लगायतका कानुन व्यवसायीले बहस गर्नुभएको थियो । यसैगरी नेपाल सरकारका तर्फबाट जिल्ला न्यायाधिवक्ता मनोजकुमार गुप्ताले बहस गर्नुभएको थियो ।

वीरगञ्जका स्थानीय लियाकत अलीको जाहेरीका आधारमा नेपाल सरकारवादी रहेको उक्त मुद्दा अदालतमा दर्ता भएको हो । नगरप्रमुख सिंहमाथि झुट्टा विवरण पेस गरी नागरिकता बनाएको तथा लिखत किर्ते गरेको आरोप लगाइएको छ। उक्त मुद्दामा नगरप्रमुख सिंहसँगै उहाँकी कान्छी पत्नी रिता भट्टराई तथा वीरगञ्ज-३ का तत्कालीन स्थानीय पञ्जिकाधिकारी भिखारी रायलाई पनि प्रतिवादी बनाइएको छ । प्रहरीका अनुसार नगरप्रमुख सिंहविरुद्ध लिखत किर्तेसम्बन्धी मुद्दामा अदालतको आदेशानुसार गत जेठ ८ गते पक्राउ पुर्जी जारी गरिएको थियो ।

त्यसपछि नागरिकता लिखत सम्बन्धी कसुरमा अनुसन्धानका लागि जेठ १२ गते पुनः पक्राउ पुर्जी जारी गरिएको थियो ।

# माटो सुहाउँदो नेपाली शिक्षाको सान्दर्भिकता

-नेपालको शिक्षा प्रणालीमा स्थानीय संस्कृति, समाज र समुदायको अनुभवलाई समेट्न नसक्दा कक्षाकोठा र वास्तविक जीवनबीच दूरी बढेको छ । शिक्षा सुधारका लागि बाह्य मोडेलको सट्टा नेपाली माटो, परम्परा र स्थानीय आवश्यकतालाई प्राथमिकता दिनु आवश्यक छ । स्थानीय शिक्षाशास्त्रले शिक्षालाई अर्थपूर्ण, प्रभावकारी र दीर्घकालीन रूपमा सान्दर्भिक बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्छ। (एइकल्यान्ड एज्डर युनिभर्सिटी, नर्वेको एसोसिएट प्रोफेसर हुन् । उनी नेपालको शैक्षिक विकासमा तीन दशकदेखि प्रत्यक्ष तथा परोक्ष रूपमा काम गरिरहेकी छन) नेपालको शैक्षिक पाठ्यक्रमको सुधारलाई लिएर लामो समयदेखि बहस भइरहेका छन्। विद्यालयदेखि विश्वविद्यालयसम्मका पाठ्यक्रम नेपाली माटो सुहाउँदो बनाइनुपर्दछ भन्नेमा विवाद नरहे पनि यसका लागि ठोस नीतिगत व्यवस्था र रणनीतिक योजनाको कमी देखिन्छ ।

नेपालको शिक्षा प्रणाली विदेशी मोडेल, अन्तर्राष्ट्रिय मापदण्ड र बाह्य परिवेशमा निर्माण गरिएका परीक्षाकेन्द्रित संरचनाबाट प्रभावित हुँदै आएको छ । यी सुधारहरू धेरै हदसम्म सकारात्मक उद्देश्यका साथ ल्याइए पनि एउटा गम्भीर प्रश्न भने अझै अनुत्तरित छ। के नेपालको शिक्षा प्रणालीले वास्तवमै नेपाली शिक्षक, विद्यार्थी र समुदायको जीवन, मूल्य, अनुभव र आकांक्षालाई प्रतिनिधित्व गर्न सकेको छ ? कक्षाकोठा केवल सूचना दिने र परीक्षाको तयारी गराउने प्रशासनिक संरचना मात्र बन्नु हुँदैन। यो विद्यार्थीको जीवन, भाषा, समुदाय र अनुभवसँग जोडिएको सांस्कृतिक रूपमा सहयोगी वातावरण बन्नुपर्छ ।नेपालको शिक्षक शिक्षा, अनुसन्धान र शैक्षिक नीतिहरूमा लामो समयदेखि एउटा समस्याकेन्द्रित दृष्टिकोण हावी रहँदै आएको देखिन्छ। यस दृष्टिकोणले शिक्षक, समुदाय र स्थानीय संस्कृतिलाई विकासका स्रोतका रूपमा होइन, सुधार कार्यान्वयनमा बाधक तत्वका रूपमा हेर्ने गरेको छ । शिक्षा क्षेत्रमा भएका धेरैजसो बहस र अनुसन्धानहरू असफलता खोज्नमै केन्द्रित भए ।

खासगरी सुधारको पहल किन सफल भएन, विद्यार्थीको नतिजा किन कमजोर भयो, शिक्षकहरूले नयाँ पद्धति किन अपनाएनन् भन्ने प्रश्नमा केन्द्रित रहे । तर शिक्षाको वास्तविक जग निर्माण गर्ने सांस्कृतिक र सामाजिक पक्षमाथि पर्याप्त ध्यान दिइएन । आज नेपालको शिक्षा प्रणालीले भोगिरहेको सबैभन्दा ठूलो संकट हो- कक्षाकोठा र स्थानीय जीवनबीचको दूरी । हामीले विभिन्न जिल्लामा रहेका नेपाली शिक्षकहरूको जीवन र अनुभवमाथि गरेको अध्ययनले यही संकटलाई गहिरोसँग उजागर गर्छ । नेपाली शिक्षक-शिक्षिकाहरूको आदर्श, विश्वास र पेसागत सक्रियता नेपालको आफ्नै सांस्कृतिक र ऐतिहासिक आधारसँग गहिरो रूपमा जोडिएको हुनुपर्छ। शिक्षकहरू केवल विद्यार्थी उत्तीर्ण गराउने यान्त्रिक पात्र होइनन्। उनीहरूको शिक्षाप्रतिको दृष्टिकोण जीवन अनुभव, सामाजिक सम्बन्ध, सामुदायिक मूल्यमान्यता र दर्शनबाट प्रभावित हुनुपर्दछ । नेपालको शैक्षिक प्रणालीमा समस्या त्यतिबेला उत्पन्न हुन्छ, जब शैक्षिक सुधारहरूका योजनाहरूले समस्याको जरो खोतलेका हुँदैनन् वा बेवास्ता गरेका हुन्छन् । जब शिक्षण विधि, पाठ्यक्रम र शैक्षिक संरचनाहरू शिक्षकहरूको आफ्नै मूल्य र अनुभवसँग सम्बन्धित हुँदैनन्, तब शिक्षण प्रक्रिया क्रमशः यान्त्रिक बन्दै जान्छ। शिक्षकहरूले सुधारलाई परिवर्तनको अवसरभन्दा पनि बाह्य दबाबका रूपमा अनुभव गर्न थाल्छन् । त्यसपछि कक्षाकोठा सिर्जनात्मकता र जीवन अनुभवको स्थान नभई केवल नियम पालन गर्ने थलोमा रूपान्तरण हुन्छ। स्थानीय ज्ञान, संस्कार र अनुभवहरू बिस्तारै किनारामा धकेलिन्छन् ।

नेपालको शैक्षिक सुधारको योजना तथा शिक्षा नीति नेपाली माटो र संस्कृति सुहाउने खालको हुन आवश्यक छ। शिक्षा प्रणाली समुदायको आवश्यकता अनुकूल हुन आवश्यक छ। अझ नेपालको शिक्षा आफ्नै सांस्कृतिक, सामाजिक र दार्शनिक आधारबाट तय गरिन आवश्यक छ । यही सोचलाई नै स्थानीय शिक्षाशास्त्रको बहसको केन्द्रमा राखेर पाठ्यक्रम निर्धारण गरिनुपर्छ । स्थानीय शिक्षाशास्त्र भन्नाले आधुनिक शिक्षा, विज्ञान वा विश्वव्यापी ज्ञानलाई अस्वीकार गर्नु होइन । यसले नेपाललाई विश्वबाट अलग गर्न खोज्दैन ।



बरु यसको उद्देश्य विश्वव्यापी ज्ञानलाई स्थानीय यथार्थसँग संवाद गराउँदै शिक्षालाई सान्दर्भिक बनाउनु हो । नेपालसँग आफ्नै समृद्ध शैक्षिक परम्परा छ। गुरुकुल प्रणाली, बौद्ध दर्शन, मौखिक परम्परा, कृषिमा आधारित जीवन, सामूहिक उत्तरदायित्व र समुदाय केन्द्रित सिकाइले नेपाली शिक्षाको ऐतिहासिक आधार निर्माण गरेका छन् । यी परम्पराहरूले केवल शैक्षिक उपलब्धिलाई मात्र होइन, नैतिक विकास, आत्म अनुशासन, भावनात्मक परिपक्वता, सामाजिक उत्तरदायित्व र शिक्षक-विद्यार्थी सम्बन्धलाई पनि महत्त्व दिन्छन् । यी मूल्यमान्यताहरू आज पनि अत्यन्त सान्दर्भिक छन् ।

जब पाठहरू स्थानीय सन्दर्भसँग जोडिन्छन्, शिक्षा अझ अर्थपूर्ण, प्रभावकारी र परिवर्तनकारी बन्छ ।आज नेपालमा धेरै युवाहरूका लागि शिक्षा देश निर्माणको आधारभन्दा विदेश जाने माध्यमजस्तो बन्दै गएको छ । प्रतिस्पर्धात्मक र परीक्षाकेन्द्रित प्रणालीले सफलता भनेको देश छोड्न सक्नु हो भन्ने मानसिकता निर्माण गरेको छ । धेरै विद्यार्थीहरूका लागि आफूले प्राप्त गरेको ज्ञान र अनुभव स्थानीय जीवन, अवसर र समुदायसँग जोडिएको अनुभव बन्न सकेको छैन। यो अवस्थाले नेपालको शिक्षा प्रणालीमा गम्भीर आत्मचिन्तनको माग गरेको छ । यदि शिक्षाले विद्यार्थीलाई आफ्नै समाज, इतिहास र पहिचानसँग जोड्न सकेन भने भविष्यमा भावनात्मक रूपमा समाजबाट टाढिएका पुस्ताहरू निर्माण हुने खतरा रहन्छ । विश्वव्यापीकरणले अवसरहरू ल्याएको छ, तर त्यससँगै आफ्नै जरा त्याग्ने दबाब पनि बढाएको छ । त्यसैले शिक्षामा स्थानीय दृष्टिकोणलाई सशक्त बनाउनु कुनै भावनात्मक आग्रह मात्र होइन, राष्ट्रिय आवश्यकता पनि हो । शिक्षा कहिल्यै पनि सांस्कृतिक रूपमा तटस्थ हुँदैन। हरेक शिक्षा प्रणालीले असल जीवन के हो ? कुन ज्ञान मूल्यवान् हो ? र, कस्तो समाज निर्माण गर्नुपर्छ ? भन्ने गहिरा प्रश्नहरूको उत्तर बोकेको हुन्छ । नेपालको सांस्कृतिक परम्पराले यी प्रश्नहरूबारे आफ्नै समृद्ध दृष्टिकोण विकास गरेको छ । गुरु-शिष्य सम्बन्ध, आत्म अनुशासन, प्रकृतिसँग सहअस्तित्व र व्यावहारिक जिम्मेवारीलाई शिक्षासँग जोड्ने परम्पराले आज पनि महत्त्वपूर्ण शैक्षिक मार्गदर्शन दिन सक्छ। यी परम्परालाई पुरानो वा अप्रासंगिक भनेर अस्वीकार गर्नुको सट्टा, आधुनिक शिक्षासँग कसरी जोड्न सकिन्छ भन्ने दिशामा बहस केन्द्रित गरिनुपर्छ। स्थानीय पाठ्यक्रम निर्माण वा शैक्षिक सुधार स्थानीय सामाजिक र सांस्कृतिक यथार्थलाई बेवास्ता गरेर सफल हुन सक्दैन । नीति निर्माताहरूले अब केवल एकरूप संरचना लागू गर्ने होइन, स्थानीय भाषा, ज्ञान प्रणाली र समुदायको अनुभवलाई सम्मान गर्ने ढाँचाहरू निर्माण गर्नुपर्छ । सिर्जनशीलता, आलोचनात्मक सोच र नवप्रवर्तन पहिचान मेटाएर होइन, पहिचानसँग जोडिएर विकास हुन्छ । यही कुरा शिक्षक शिक्षामा पनि लागू हुन्छ । परम्परागत शिक्षक प्रशिक्षण कार्यक्रमहरू प्रायः विद्यार्थी-शिक्षकहरूको जीवन अनुभव र सांस्कृतिक पृष्ठभूमिबाट अलग देखिन्छन् । पाठ्यक्रम र शिक्षण पद्धतिहरू कक्षाकोठाको वास्तविक सामाजिक सन्दर्भभन्दा बाहिर बसेर निर्माण गरिन्छन् । शिक्षकहरूलाई विषयवस्तु पढाउन त तयार गरिन्छ, तर शिक्षालाई आफ्नै समुदाय, मूल्य र पहिचानसँग कसरी जोड्ने भन्ने प्रश्नमा पर्याप्त अवसर दिने गरेको अनुभव नेपालमा पाइएको छैन ।

स्थानीय शिक्षा शास्त्रीय दृष्टिकोणले शिक्षकहरूको अनुभव र सांस्कृतिक सन्दर्भलाई शिक्षक शिक्षाको केन्द्रमा राख्ने गरिएको हुन्छ । यसले कथामूलक सिकाइ, सान्दर्भिक शिक्षण र स्थानीय तथा विश्वव्यापी ज्ञानबीच आलोचनात्मक संवादलाई प्रोत्साहन गर्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा, यसले शिक्षक पेसामा स्वामित्व र सम्मानको भावना पुनःस्थापित गर्छ । शैक्षिक अनुसन्धानलाई पनि नयाँ दिशातर्फ लैजान आवश्यक छ । लामो समयदेखि नेपालको शैक्षिक यथार्थलाई बाह्य सैद्धान्तिक ढाँचाबाट व्याख्या गर्ने प्रयास हुँदै आएको छ। अन्तर्राष्ट्रिय दृष्टिकोण उपयोगी हुन सक्छन्, तर केवल पश्चिमी अवधारणामार्फत नेपाली समाजलाई बुझ्ने प्रयासले अपूर्ण निष्कर्ष दिन्छ । स्थानीय अनुसन्धानले नेपालको आफ्नै दार्शनिक, सामाजिक र सांस्कृतिक आधारभित्रै अवधारणात्मक संरचना खोज्नुपर्छ। यो प्रश्न केवल अनुसन्धानको पद्धतिसँग सम्बन्धित छैन । यो शक्ति सम्बन्धको प्रश्न पनि हो। शिक्षाको सफलता कसले परिभाषित गर्छ ? ज्ञान उत्पादनको नियन्त्रण कसको हातमा छ ? गुणस्तरीय शिक्षा के हो भन्ने निर्णय कसले गर्छ ? हाम्रा अनुसन्धान केवल बाह्य सुधार सफल भयो कि भएन भन्ने मापनमै सीमित रह्यो भने यसले शिक्षक, विद्यार्थी र समुदायको वास्तविक अनुभवलाई बेवास्ता गर्न सक्छ । स्थानीय दृष्टिकोणले भने शिक्षामा संलग्न व्यक्तिहरूको उद्देश्य, आकांक्षा र विश्वदृष्टिलाई बुझ्ने कोसिस गरेको हुन्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा, कक्षाकोठा स्वयं परिवर्तन हुनुपर्छ । कक्षाकोठा केवल सूचना दिने र परीक्षाको तयारी गराउने प्रशासनिक संरचना मात्र बन्नु हुँदैन । यो विद्यार्थीको जीवन, भाषा, समुदाय र अनुभवसँग जोडिएको सांस्कृतिक रूपमा सहयोगी वातावरण बन्नुपर्छ । जब पाठहरू स्थानीय सन्दर्भसँग जोडिन्छन्, शिक्षा अझ अर्थपूर्ण, प्रभावकारी र परिवर्तनकारी बन्छ ।

**साभार : कान्तिपुर ।**






"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"

सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला

## सच्याईएको सूचना

जलेश्वर टुडे दैनिक पत्रिको २०८३ साल बैशाख १७ गते बिहिबार, अंक १८९ हुनु पर्ने तथा त्यसपछिका अंकहरु समेत एक अंकमा भएको गल्तीका कारण अरु अंकहरु पनि संख्यात्मक रुपमा गलत हुन गएकोले सो सच्याइएको व्योहोरा अनुरोध छ।

प्रकाशक तथा सम्पादक
जलेश्वरटुडे दैनिक,महोत्तरी

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday